नेपाल सरकार

संस्कृति , पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्व विभाग

रामशाहपथ, काठमाडौं ।

**लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**सूचना प्रकाशन मितिः २०८१/०९/२१**

यस विभाग अन्तर्गत कपिलवस्तु राज्यको राजधानी शहर तिलौराकोट पर्खाल बाहिरका अधिग्रहण भैसेकेका घर/टहराहरु भत्काई भग्नावशेष व्यवस्थापन गर्न र त्यसबाट निस्कने जिन्सी सामानहरुको सकार गर्ने कार्यको शिलबन्दी बोलपत्र माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| **ठेक्का नं.** | **कामको विवरण** | **न्यूनम मूल्य** | **बोलपत्र दस्तुर फाराम** |
|---|---|---|---|
| 01/DOA/GOODS/2081/82 | कपिलवस्तु राज्यको राजधानी शहर तिलौराकोट पर्खाल बाहिरका अधिग्रहण भैसेकेका घर/टहराहरु भत्काई भग्नावशेष व्यवस्थापन गर्न र त्यसबाट निस्कने जिन्सी सामानहरु सकार गर्ने (**३४ घर एक्मुष्ट**) | १४,१९,९१८।५४ (भ्याट बाहेक) | २,०००।०० |

१. बोलपत्र फाराम दस्तुर वापत रु २,०००/- (दुई हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशन भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरि २२ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । उक्त बोलपत्र फाराम यस कार्यालयको खरिद इकाईबाट खरिद गर्न सकिनेछ।

२. इच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणित प्रतिलिपि, आ.ब. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा प्यान नं र नेपाली नागरिकताको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताको नाम थर, ठेगाना, फोन नं. समेत खुलाई लाहाछाप लगाई शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

४. बोलपत्रसाथ आफूले कबोल गरेका रकमको १० प्रतिशतले हुन आउने ने.रा.वैक, थापाथलीस्थित को.ले.नि.का., थापाथलीको एकल कोष धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२५०२३५०१ मा जम्मा गरेको सक्कल भौचर पेस गर्नुपर्नेछ ।

५. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिइनेछ र केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईनेछैन ।

६. दर्ता भएको बोलपत्रहरू २२ औं दिन दिनको १:०० बजे पुरातत्त्व विभाग, रामशाहपथमा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. लिलामसम्बन्धी बोलपत्र स्वीकृत भएपछि ३५ दिनभित्र कबोल रकम दाखिला गरी सामान उठाई लैजानुपर्नेछ अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

८. लिलाम हुने मालसामान हेर्न चाहनेले कार्यालय समयमा हेर्न सकिनेछ ।

९. लिलाम गरिने मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११. यसमा नपरेका शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछन् ।